# आ.व.२०७८/०७९ को
# चौंथो नगर कार्यपालिका बैठकका निर्णयहरु

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
विक्रम संवत् २०७८ साल फागुन २३ गते

२०७८/११/२३

श्री सबै वडा कार्यालयहरु,

श्री सबै शाखाहरु,

मध्यनेपाल नगरपालिका, लमजुङ ।

विषयः निर्णय पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७८/११/२३ गते बसेको मध्यनेपाल नगर कार्यपालिकाको ६२ औं बैठकको निर्णय पठाईएको छ । उक्त निर्णय बमोजिम आवश्यक कार्य गर्नु गराउनुहुन जानकारीका लागि अनुरोध छ ।

ईश्वरी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः

१) अघिल्लो बैठकको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

२) प्रशासकीय भवन सम्बन्धमा ।

३) कर्मचारीको पदपूर्ति सम्बन्धमा ।

४) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि सम्बन्धमा ।

५) दलित बस्ती निर्माण कार्यक्रम सम्बन्धमा ।

६) मध्यनेपाल नेवार समाज भवन निर्माण सम्बन्धमा ।

७) गत आ.व. को भुक्तानी सम्बन्धमा ।

८) योजना सम्झौता सम्बन्धमा ।

९) बेरुजु फछ्र्यौट सम्बन्धमा ।

१०) स्थानीय तह संस्थागत क्षमता स्वामूल्याङ्कन सम्बन्धमा ।

११) प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

१२) नगर सभा सम्बन्धमा ।

१३) आन्तरिक स्रोतकबाट भुक्तानी गर्ने आयोजनाहरुको सम्झौता सम्बन्धमा ।

१४) निर्वाचन खर्च सम्बन्धमा ।

१५) विपद व्यवस्थापन कोषबाट भुक्तानी सम्बन्धमा ।

१६)सोलार ब्याकअप सम्बन्धमा ।

१७) ईन्धन खर्च सम्बन्धमा ।

१८) जिन्सी सामान लिलामी सम्बन्धमा ।

१९)बालबिकासका शिक्षकहरुको पारिश्रमिक सम्बन्धमा ।

२०) आर्थिक सहायता सम्बन्धमा ।

२१) योजना माग गर्ने सम्बन्धमा ।

२२) रकमान्तर सम्बन्धमा ।

२३) वि.पि. शालिक निर्माण वि.पि. चोक योजना सम्झौता सम्बन्धमा ।

२४) खेल सामाग्री खरिद योजना सम्बन्धमा ।

२५) योजना संशोधन सम्बन्धमा ।

२६) सडक बोर्ड नेपाल सम्बन्धमा ।

२७) भुक्तानी समर्थन सम्बन्धमा ।

२८) अस्पताल सम्बन्धमा ।

२९) अपुग तलब रकम सम्बन्धमा ।

३०) स्थानीय भत्ता सम्बन्धमा ।

३१) तह निर्धारण सम्बन्धमा ।

१. निर्णय नं १

अघिल्लो बैठकको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं १ उपर मिति २०७८/१०/०६ गते बसेको अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाका सम्बन्धमा समीक्षा तथा छलफल गरियो ।

२. निर्णय नं २

प्रशासकीय भवन सम्बन्धमा ।

प्रस्ताव नं २ उपर छलफल गर्दा विगतमा राष्ट्रीय योजना आयोगबाट समपूरक योजना अन्तर्गत कार्यान्वयनमा रहेको यस मध्यनेपाल नगरपालिकाको प्रमुख प्रशासकीय भवन विगतका वर्षदेखि टेन्डर भई कार्यान्वयनमा रहेकोमा चालु आ.व. मा पनि समपुरक योजनाको लागि प्रस्ताव पेश गर्नुपर्नेमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवाको कारण कार्यालयको संस्थागत सम्झना " Institutional Memory" को अभावमा त्यो छुट हुन गई हाल निर्माणको अन्तिम चरणमा रहेको भवनको भुक्तानी रोकीएकाले आवश्यक रकमको व्यवस्था गरिदिनुहुनको लागि गण्डकी प्रदेश योजना आयोगमा लेखि पठाउने निर्णय गरियो ।

३. निर्णय नं ३

कर्मचारीको पदपूर्ति सम्बन्धमा ।

- प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गत तान्द्राङ टक्सार स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. लक्ष्मी गुरुङको अध्ययन बिदा सिफारिस गरिएको हुदाँ सो दरबन्दीमा निज अध्ययन सकी फिर्ता नभईञ्जेलसम्मको लागि करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।
- यस नगरपालिका अन्तर्गत चिसंखु स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. सरिता लम्साल खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुने गरी स्वास्थ्य बिमा बोर्ड अन्तर्गत कामकाज गर्न खटिएको हुदाँ निजको काज फिर्ता नहुन्जेलसम्मका लागि रिक्त ठाउँमा करार सेवाबाट १ जना अ.हे.व. पदपूर्ति गर्ने निर्णय गरियो ।
- यस नगरपालिका अन्तर्गत जिता स्वास्थ्य चोकीमा कार्यरत हे.अ. श्री पुजा गुरुङले राजिनामा दिनुभएको हुदाँ रिक्त पदमा करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

४. निर्णय नं ४

टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. ४ उपर छलफल गर्दा स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८ को मस्यौदा पारित गर्ने निर्णय गरियो ।

५. निर्णय नं. ५

दलित बस्ती निर्माण कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ५ उपर छलफल गर्दा आ.व. २०७७/०७८ मा प्रदेश सरकारको दलित बस्ती निर्माण कार्यक्रम अन्तर्गत यस नगरपालिकाका कूल ५४ घरधुरीमा २४२७ वर्ग मिटर जस्तापाता र ८३०

वर्ग मिटर Plane Sheet को Supply and Installation कार्य सम्पन्न भएको व्यहोरा प्रमाणित गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६

मध्यनेपाल नेवार समाज भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ६ उपर छलफल गर्दा कार्पालिकाको मिति २०७८/०९/२१ गतेको निर्णयबाट संशोधन भई वडा नं. ४ दुईपिप्ले स्थित मध्यनेपाल नेवार समाज भवन निर्माण शिर्षकमा विनियोजित रु ५ लाखले साविक रम्घा गा.वि.स. वडा नं. ४ को कित्ता नं. ३४३ को सार्वजनिक जग्गामा भवन निर्माण गर्न स्वीकृती दिने निर्णय गरियो ।

७. निर्णय नं. ७

गत आ.व. को भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा २०७७ साल असार २९ गते आएको बाढीले यस नगरपालिकामा तपसिलका सडकहरुमा क्षति भई तत्काल संचालनमा ल्याउनुपर्ने भएको तर उक्त कार्यका लागि आर्थिक वर्ष ०७७/०७८ मा विपद व्यवस्थापन शीर्षकमा बजेट अभाव हुन गई भुक्तानी हुन नसकेको विषयमा ९ औं नगर सभामा छलफल हुँदा सो भुक्तानीका लागि बजेटको व्यवस्था गर्दा बाँकी भुक्तानी भनी उल्लेख नभएकाले कार्यालयबाट बाँकी सरह भुक्तानी गर्न नसकेको विषयमा छलफल हुँदा सो समयमा गरेका कामहरुको बिल विजक भरपाई प्राविधिक मूल्याङ्कन जस्ता कानुनी प्रकृया पूरा गरी पेश भएको कागजातको जाँच बुझ गर्दा एकिन हुन आएमा तपशिलको शीर्षकको रकमबाट भुक्तानी गर्ने र सो सम्बन्धमा नगर सभामा प्रस्ताव पेश गरी समर्थनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः

नेटा मध्यनेपाल १० तर्फको बाँकी भुक्तानी रु ४ लाख

पुनरडिही लामासोती मध्यनेपाल ६ तर्फको बाँकी भुक्तानी रु ४ लाख

दुईपिप्ले न्यौपाने बेसी सडक मध्यनेपाल ४ तर्फको बाँकी भुक्तानी रु ४ लाख

वडा नं १ जिता तर्फको बाँकी भुक्तानी रु ३ लाख

वडा नं २ तर्फको बाँकी भुक्तानी रु ३ लाख

८. निर्णय नं. ८

योजना सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने सम्पूर्ण योजनाहरु चैत्र १५ गतेसम्म सम्झौता गरी सक्ने निर्णय गरियो । सोका लागि प्राविधिक शाखाबाट लागत अनुमान समयमै तयार गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९

बेरुजु फर्छ्यौट सम्बन्धमा ।

प्रस्ताव नं. ९ उपर छलफल गर्दा असुल उपर गर्नुपर्ने बेरुजु रकमका सम्बन्धमा सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई जानकारी गराई बेरुजु फर्छ्यौट गर्ने निर्णय गरियो ।

१०. निर्णय नं. १०

स्थानीय तह संस्थागत क्षमता स्वामूल्याङ्कन सम्बन्धमा ।

प्रस्ताव नं. १० उपर छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वामूल्याङ्कन कार्यविधि २०७७ अनुसार यस नगरपालिकाको आ.व. २०७७/७८ को अवस्था स्वमूल्याङ्कनबाट प्राप्त कूल अङ्क ४७.५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

११. निर्णय नं. ११

प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका शाखा तथा वडाहरुबाट हालसम्म भएका सम्पूर्ण कार्य तथा क्रियाकलापहरुको विवरण संकलन गरी प्रतिवेदन तयारीको कार्य गर्ने तथा गराउने निर्णय गरियो ।

१२. निर्णय नं. १२

नगर सभा सम्बन्धमा ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा दशौं नगर सभाको बैठक चैत्र ७ गते राख्ने निर्णय गरियो ।

१३. निर्णय नं. १३

आन्तरिक स्रोतबाट भुक्तानी गर्ने आयोजनाहरुको सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा आन्तरिक स्रोतबाट भुक्तानी गर्ने आयोजनाहरुको सम्झौता प्रक्रिया आन्तरिक स्रोतको सुनिश्चितता भएपछि मात्र अगाडि बढाउने निर्णय गरियो ।

१४. निर्णय नं. १४

निर्वाचन खर्च सम्बन्धमा ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आउँदो स्थानीय तह निर्वाचनका लागि भवन, भाडा, मेशिन औजार लगायतको व्यवस्थापकीय खर्चका लागि चालु खर्च तर्फको उपर्युक्त शीर्षकबाट प्रमुख प्रशासकीय अधिकृतले बढीमा रु पाँच लाखसम्म खर्च गर्न सक्ने निर्णय गरियो ।

१५. निर्णय नं. १५

विपद व्यवस्थापन कोषबाट भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १५ उपर छलफल गर्दा वर्षातको पानीले गर्दा सडकहरु तथा तटबन्दन भत्किन गई नगर प्रमुखको तोक आदेशमा तत्काल कार्य गरिएको हुँदा तपसिल बमोजिमका शिर्षकहरुको रकम प्राविधिकको लागत अनुमान अनुसार कार्य सम्पन्न गरी भुक्तानी माग हुन आएकोमा प्राविधिक मूल्याङ्कन अनुसार विपद व्यवस्थापन कोषबाट प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

न्यौपाने बेसी सडक मर्मत रु ४६०००।

बाँग्रेबेसी बरदानफाँट सडक मर्मत रु ९८९०५।

सालबोटे वस्ती तटबन्धन रु ९००००।

जिताटार खहरे वस्ती तटबन्धन रु १०००००।

गोलान्दी खोला तटबन्धन रु ९००००।

पाउदुरे खोला तटबन्धन तथा जुगेपानी बायटारी एरिया पहिरो सफा रु ९००००।

वडा नं. ६ को सडकहरु मर्मत रु ९८०००।

हिमाली बोर्डिङ हुँदै मिदिम खोला कृषि सम्मको सडक मर्मत  रु १०००००।

चर्दीखोला बांढी नियन्त्रण तथा पहिरो सफा रु ६५०००।

१६. निर्णय नं. १६

सोलार ब्याकअप सम्बन्धमा ।

प्रस्ताव नं. १६ उपर छलफल गर्दा सशर्ततर्फ नवीकरणीय उर्जा शीर्षकबाट भुक्तानी गर्ने गरी वडा नं. ८ मा सोलार ब्याकअप राख्ने निर्णय गरियो । बाँकी रकमको सम्बन्धमा नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार कार्य गर्ने निर्णय गरियो ।

१७. निर्णय नं. १७

ईन्धन खर्च सम्बन्धमा ।

प्रस्ताव नं. १७ उपर छलफल गर्दा यस आ.व. मा निर्वाचन सम्पन्न गर्नुपर्ने, ईन्धनको अत्याधिक मूल्य वद्धी भएको तथा गत आ.व.को ईन्धन खर्चको भुक्तनी चालु आ.व. को ईन्धन शिर्षकबाट गरिएकोले हाल ईन्धन शिर्षकमा रकम अभाव भएको हुँदा चालु तर्फको शिर्षकहरुबाट आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले रकम रकमानन्तर गरी खर्च लेख्ने र्निणय गरियो ।

१८. निर्णय नं. १८

जिन्सी सामान लिलामी सम्बन्धमा ।

प्रस्ताव नं. १८ उपर छलफल गर्दा यस नगरपालिका तथा नगरपालिका अन्तर्गका कार्यालयहरुमा रहेका खर्च नहुने सामानको जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा अवस्था हेरी मर्मत हुन नसक्ने सामानहरु लिलामीको प्रक्रीया अगाडि बढाउन तपसिल बमोजिमको ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री सूर्यप्रसाद पौडेल

सदस्य श्री उद्धव पराजुली

१९. निर्णय नं.१९

बालबिकासका शिक्षकहरुको पारिश्रमिक सम्बन्धमा ।

प्रस्ताव नं. १९ उपर छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७८/०९/२१ को निर्णय नं. ६ अनुसार बालबिकासका शिक्षकहरुको २०७८ साल साउनदेखि कार्तिकसम्म ४ महिनाको पारिश्रमिक कोभिड रोकथाम तथा नियन्त्रण कोष र मेयर छात्रवृत्ति कार्यक्रममा विनियोजित रकमबाट रु १५०५०००। (अक्षेररुपी पन्ध्र लाख पाँच हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२०. निर्णय नं. २०

आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. २० उपर छलफल गर्दा विभिन्न मितिमा घर आगोलागी भई खाना, बस्नका लागि कठिनाई भएको हुँदा मध्यनेपाल नगरपालिका वडा नं. ३ निवासी विश्वनाथ अधिकारी र मध्यनेपाल नगरपालिका वडा नं. ८ निवासी बिर्खे बहादुर गुरुङलाई रु ५० हजार का दरले आर्थिक सहायता विपद कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

२१. निर्णय नं. २१

योजना माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २१ उपर छलफल गर्दा तपसिल बमोजिमका योजनाहरुको प्राविधिकद्धारा लागत अनुमान तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत माग गर्ने निर्णय गरियो ।

वडा नं. १ र २ जोड्ने खहरेखोला मध्यनेपाल नगरपालिका

भदौरैबाट बाङ्ग्रेबेंसी जोड्ने वडा नं.९ मध्यनेपाल नगरपालिका

बुढामहादेव देखि मिदिम दोभानसम्मको झोलुङ्गेपूल वडा नं. ७

२२.निर्णय नं. २२

रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. २२ उपर छलफल गर्दा नगरस्तरीय योजनाको आर्थिक विकास तर्फ क्रम संख्या ११ मा भएको टनेल खरिद कार्यक्रमको रु चार लाख र क्रसं १८ को बाँग्रेबेसी कृषक समूह अनुदान तर्फको रु आठ लाख लाई नगर प्रमुख आर्थिक सहायता कोष अन्तर्गत रकमान्तर गर्ने निर्णय गरियो । साथै उक्त निर्णयलाई स्वीकृतीका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२३. निर्णय नं २३

वि.पि. शालिक निर्माण वि.पि. चोक योजना सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं २३ उपर छलफल गर्दा नगर स्तरीय योजना अन्तर्गत पूर्वाधार विकास तर्फ क्रम संख्या ६६ को वि.पि. शालिक निर्माण वि.पि. चोक योजनालाई सम्झौता गर्ने निर्णय गरियो ।

२४. निर्णय नं २४

खेल सामाग्री खरिद योजना सम्बन्धमा ।

प्रस्ताव नं २४ उपर छलफल गर्दा नगर स्तरीय योजना अन्तर्गत पूर्वाधार विकास तर्फ क्रम संख्या ९८ को खेल सामाग्री खरिद शीर्षकको रु तीन लाखमध्यबाट युवा क्लबहरुको माग बमोजिम नगर प्रमुखको तोक आदेशमा देहाय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

तपसिलः

त्रिवेणी युवा क्लब, बेसिंशहरलाई रु ८० हजार

क्षीतिज युवा क्लब, सोतीपसललाई ८० हजार

करापुटार क्लबलाई रु ७० हजार

२५. निर्णय नं २५

योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. २५ माथि छलफल गर्दा तपसिल बमोजिमको योजनाहरु पारित गरी स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१) नगरस्तरीय पूर्वाधार विकास तर्फ क्रम संख्या ८० को भुत्याह कुलो अन्तरगतको रु ५० हजारलाई वडा कार्यालय ट्रस निर्माण शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।
२) नगर स्तरीय पूर्वाधार विकास तर्फ क्रसं ५४ को पोखरी माझथर कुलो निर्माणको रु तीन लाख र क्रम संख्या ७२ को गैरावारी देखी चापको बोट सम्म कुलो निर्माणको रु तीन लाख गरी कुल रु छ लाखलाई बाँग्रेबेशी नहर शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।
३) नगर स्तरीय योजना अन्तरगत शिक्षा सम्बन्धी कार्यक्रम तर्फ प्राविधिक शिक्षा अन्तर्गतको रु बीस लाखलाई मध्यनेपाल बहुप्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापन शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।
४) वडा स्तरीय योजना अन्तर्गत सामाजिक विकास तर्फको स्वास्थ्य शिविर संचालन तथा ज्येष्ठ नागरिक सम्मान योजनाको रु एक लाखलाई जिता ज्येष्ठ नागरिक स्वास्थ्य शिविर तथा मेशिनरी सामाग्री खरिद शीर्षक कायम शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।
५) वडा स्तरीय पूर्वाधार विकास तर्फको क्रम संख्या ११३ सामुदायिक भवन निर्माण साविक ८ छविसेको रु १ लाख पचास हजारलाई बाँग्रे साविक वडा नं ८ छविसेमा मन्दिर निर्माण शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।

६) वडा स्तरीय योजनाको पूर्वाधार विकास तर्प क्र.सं. १७ को  चिन्डेगाँउ भित्री बाटो मर्मत तर्फको एक लाखलाई राक्से कालिका मन्दिर ट्रस मुनीको ढलान मर्मत शीर्षक कायम गरी खर्च गर्ने निर्णय गरियो ।

७) नगर कार्यपालिकाको मिति २०७८।०९।२१ गतेको निर्णय नं ७ को प्रकरण ४ लाई पूर्ववत अवस्थामा नै फर्काई रातामाटा खानेपानी योजनातर्फ ३ लाख र रातमाटा मेलमिलाप आमा समूहतर्फ ३ लाख कायम गर्ने निर्णय गरियो ।

८) वडास्तरीय योजना अन्तर्गत सामाजिक विकास तर्फको क्र.सं.३७ को वडा नं ५ स्थित सम्झना मा.वि. तार बार शीर्षकलाई सम्झना मा.वि. पर्खाल निर्माण कायम गर्ने निर्णय गरियो ।

२६. निर्णय नं २६

सडक बोर्ड नेपाल सम्बन्धमा ।

प्रस्ताव नं २६ उपर छलफल गर्दा सडक बोर्ड नेपालबाट च.नं. ९४९ मिति २०७८/११/११ मा यस नगरपालिकालाई प्राप्त पत्र बमोजिम स्वीकृत गरी पठाईएको चौवालिस लाख रुपैंयालाई देउ बहादुर दुरा मार्ग शीर्षकमा रु २२ लाख र चितेपानी ठुन्केगरा मोटरबाटो निर्माण शीर्षकमा रु २२ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

२७. निर्णय नं २७

भुक्तानी समर्थन सम्बन्धमा ।

प्रस्ताव नं २७ उपर छलफल गर्दा हालसम्म विविध शीर्षकबाट खर्च हुने गरी नगर प्रमुखको तोक आदेशमा प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी भएका योजना तथा आर्थिक सहायता रकमलाई समर्थन गर्ने निर्णय गरियो ।

२८. निर्णय नं २८

अस्पताल निर्माण सम्बन्धमा ।

प्रस्ताव नं २८ उपर छलफल गर्दा नेपालका लागि भारतीय राजदुतावासले सञ्चालन गर्ने HICDP कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं ६ भोर्लेटारमा अस्पताल निर्माणका लागि प्रस्ताव पेश गर्न भनी भारतीय राजदुतावासको 17 jan 2022 मा पत्र प्राप्त भएको छ । उक्त पत्र साथै प्राप्त ढाँचामा प्रस्ताव पत्र तयार गरी भारतीय राजदुतावासमा पठाउने निर्णय गरियो ।

२९. निर्णय नं. २९

अपुग तलब रकम सम्बन्धमा ।

प्रस्ताव नं. २९ उपर छलफल गर्दा हाल मध्यनेपाल नगरपालिका अन्तर्गत बर्थिङ सेन्टरमा कार्यरत अ.न.मी. हरुलाई शसर्त तर्फबाट प्राप्त रकमबाट तलब खान अपुग भएकाले अपुग भएको रकम कोभिड कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

३०. निर्णय नं. ३०

स्थानीय भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. ३० माथि छलफल गर्दा यस नगरपालिकामा दरबन्दी करारतर्फ कार्यरत कर्मचारीहरुलाई नियमानुसारको स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

३१. निर्णय नं. ३१

तह निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. ३१ माथि छलफल गर्दा नगर प्रमुखको प्रस्तावमा यस नगरपालिकामा कार्यरत ईन्जिनियरको तह सातौं तह कायम गर्ने निर्णय गरियो ।